# सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण ।

१ श्रावण २०७६ देखि ३० असोज २०७६ सम्म

**क. निकायको स्वरूप र प्रकृति:** कम्पनी ऐन २०२१ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम संचालित बैंक ।

**ख. निकायको काम, कर्तव्य र अधिकार:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:** हाल कर्मचारी संख्या ९३३ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइ रहेको छ। व्यवस्थापन समूहको नाम र पद www.nmb.com.np/ मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:** यस बैंकको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट www.nmb.com.np/ मा उपलव्ध छ ।

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:** बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाइट www.nmb.com.np/ मा उपलव्ध छ। साथै सो जानकारी यस बैंकमा सम्पर्क गरि जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी:** बैंकको कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णय, विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/प्रक्रिया मिलाइएको छ। प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णय कर्ताको रूपमा रहेको छ ।

**ज. निर्णयउपर उजुरी सुन्ने अधिकारी:**
श्री सुदेश उपाध्याय
प्रमुख सूचना अधिकारी
पद: चीफ बिजनेस एण्ड स्ट्राटेजी अफिसर
ठेगाना: एनएमबि बैंक लिमिटेड,
प्रधान कार्यालय, बबरमहल, काठमाडौं

**झ. सम्पादन गरेको कामको विवरण:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरू सम्पादन भइरहेका छन् ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद:** ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ -
प्रमुख सूचना अधिकारी:
**श्री सुदेश उपाध्याय**
पद: चीफ बिजनेस एण्ड स्ट्राटेजी अफिसर

साथै, यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यसमध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् -

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकारण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. विनियम अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१२. उपर्युक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकको सपूर्ण निर्देशिकाहरु

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण:** बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै, त्यस्तो विवरण बैंकको वेवसाइट www.nmb.com.np/ मा समेत उपलब्ध छ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:** बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ -
नाम: **श्री सुनिल के.सी.**
ठेगाना: एनएमबि बैंक लिमिटेड,
प्रधान कार्यालय, बबरमहल, काठमाडौं
फोन: ०१-४२४६१६०, इमेल: sunil.kc@nmb.com.np

साथै सुचनाको हक सम्बन्धी नियमावली, २०३५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ -

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण**
www.nmb.com.np/

**ग. सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाइटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands

एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं, नेपाल
फोन : ९७७ १ ४२४६१६०
फ्याक्स : ९७७ १ ४२४६१५६
वेब : www.nmb.com.np